बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल
भरतपुर, चितवन, नेपाल
पो.बक्स नं. ३४, फोन नं. ०५६-५२४०१९, फ्याक्स नं.०५६-५२३७४७, वेभसाइटः www.bpkmch.org.np

प.सं. २०७८/०७९

चलानी नं. ११६०

# करार सेवामा पदपूर्ति सम्बन्धी सूचना

(प्रकाशित मिति २०७९/१/२१)

यस अस्पतालमा खुला प्रतियोगिताद्वारा देहायका पदमा करार सेवामा पदपूर्ति गर्न आवश्यक भएको हुँदा देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ (एकाईस) दिन भित्र दरखास्त फाराम पेश गर्नुहुन दरखास्त आह्वान गरिएको छ।

| क्र. सं. | विज्ञापन नं. | पद | सेवा, समूह, तह | माग पद संख्या |
|---|---|---|---|---|
| १ | ५-०७८/७९ | मेडिकल अधिकृत | प्राविधिक (स्वास्थ्य), मेडिकल (चिकित्सक), आठौं | केही |

**आवश्यक शैक्षिक योग्यता र अनुभवः**

१. मेडिकल अधिकृत, आठौं तहः **मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा एम.बि.बि.एस. वा सो सरह उपाधि हासिल ।**

**नोटः**

१. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान : दरखास्त फाराम बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको वेबसाइट www.bpkmch.org.np बाट डाउनलोड गरी A4 साईजको फोटोकपी पेपरमा प्रिन्ट/फोटोकपि गर्न सकिनेछ। दरखास्त फारामहरु बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको कार्यालयमा बुझाउनु पर्नेछ। पाठ्यक्रम वेबसाइटमा राखिएको छ।

२. दरखास्त बुझाउने समय : कार्यालय समय सम्म ।

३. परीक्षा दस्तुरः- रु.१०००।- लाग्नेछ। दरखास्तका साथ कृषि विकास बैंक लिमिटेडमा बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको नाममा रहेको खाता नं. ०५०८६०११७३४७२०१२ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ।

४. दरखास्तको लागि योग्यताः
   (क) उमेर २१ वर्ष उमेर पूरा भई ४५ बर्ष ननाघेको (ख) भविष्यमा सरकारी वा नेपाल सरकारको स्वामित्व भएको संस्थाको सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको (ग) नेपाली नागरिक (घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको।

५. परीक्षाको किसिमः लिखित र अन्तर्वार्ता ।

६. निम्नलिखित कागजातहरुका प्रतिलिपिमा उम्मेदवार स्वयंले प्रमाणित गरी दरखास्त साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछः-
   (क) हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति फोटो।
   (ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
   (ग) शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि, चारित्रिक प्रमाणपत्र वा उमेर खुलेको प्रमाणपत्रको प्रतिलिपि।
   (घ) विदेशी शिक्षण संस्थावाट प्रमाणपत्र पाएका उम्मेदवारहरुको हकमा समकक्षताको प्रतिलिपि।
   (ङ) प्राविधिक (स्वास्थ्य) सेवा अन्तर्गतका पदका लागि सम्बन्धित व्यवसायिक परिषदमा दर्ता भएको प्रमाणपत्र।

७. तलब र सुविधाः बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको नियमानुसार।

८. दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा सार्वजनिक विदा पछिको कार्यालय खुलेको दिन दरखास्त दिने अन्तिम मिति मानिने छ।

९. लिखित परीक्षा सम्बन्धी कार्यक्रम पछि प्रकाशित गरिनेछ।

१०. तोकिएका प्रक्रियाहरु पूरा नभएका दरखास्त फाराम जुनसुकै बेला पनि रद्द हुनेछ। यसरी रद्द हुन गएका दरखास्तहरुको परीक्षा दस्तुर फिर्ता गर्न अस्पताल बाध्य हुनेछैन।

....................

डा. देज कुमार गौतम

कार्यकारी निर्देशक

Scanned with CamScanner